नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

पत्र संख्या: २०७३ / ७४ | चलानी संख्या: ४३

मिति २०७४/०३/२६

विषय: काज सम्बन्धमा ।

प्रिय सहकारीज्यू,

प्रस्तुत विषयमा यस मन्त्रालय प.सं. ०७३/७४ च.नं. ४१ मिति २०७४/०३/१९ गतेको पत्रबाट काज फिर्ता सम्बन्धी परिपत्र भएकोमा यो प्रावधान सम्पूर्ण निकायहरुबाट स्थानीय तहमा खटिएका कर्मचारीहरुको हकमा लागु नहुने व्यहोरा अनुरोध छ ।साथै स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश,२०७४ बमोजिम कर्मचारीको व्यवस्थापन गर्नुहुन एवं जिल्ला कर्मचारी व्यवस्थापन समितिबाट हुने कार्य समेत सुचारु गर्नु गराउनु हुन अनुरोध छ ।

मोहन कृष्ण सापकोटा
सचिव

श्री सचिवज्यू,
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय

बोधार्थ/ सहयोगार्थ
श्रीमान् मुख्य सचिज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं ।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय अनामनगर, काठमाण्डौं । ।

नेपाल सरकार
# सामान्य प्रशासन मन्त्रालय
( )

फोन :- ४२००३६७,४२००३६८
४२००३६९
फ्याक्स :- ४२००२३८
सिंहदरबार, काठमाडौं

पत्र संख्या : 063/068
चलानी नं. : ४१

मितिः २०७४/०३/१९

विषय : काज फिर्ता सम्वन्धमा।

प्रिय सहकारिज्यू,

यस मन्त्रालयबाट विभिन्न मितिमा काज फिर्ता तथा तहाँ मन्त्रालय / मातहतका निकायहरुबाट अन्यत्र सरुवा भएका कर्मचारीहरुलाई रमाना दिने सम्बन्धमा गरिएका परिपत्रहरू प्राप्त भई व्यहोरा अवगत भएकै छ। अझै पनि केहि निकायहरुले निजामती सेवा ऐन / नियमावलीमा निर्धारित अवधि समाप्त भएपछि पनि अन्यत्र सरुवा भएका कर्मचारीहरुलाई रमाना नदिएको तथा काज फिर्ता नगरेको भन्ने जानकारी प्राप्त हुन आएकोले तत्काल कार्यन्वयनको लागि यो पत्र पठाइएको छ। निजामती सेवा ऐन , २०४९ को प्रावधान विपरित रमाना नदिएको वा काज फिर्ता नगरेको भए अविलम्व दरवन्दी भएको निकायमा रमाना दिई / काज फिर्ता गरी यस मन्त्रालयलाई जानकारी दिनु हुन समेत अनुरोध छ।

मोहनकृष्ण सापकोटा

सचिव

श्री सचिवज्यू

सबै मन्त्रालय/ निकाय/ आयोग

**वोधार्थ/सहयोगार्थ**

श्रीमान् मुख्य सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।

श्री महालेखा परीक्षकको विभाग, ववरमहल, काठमाडौं।

श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं ।